**नेपाल राष्ट्र बैंक**

सुर्खेत कार्यालय

**सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : **२०७७/०९/१४**)

यस कार्यालय भवनको पश्चिम दक्षिण तर्फको खाली ठाँउमा देहायका कार्यहरु सिलिवन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुले यस बैंकले तोकेको शर्तहरुको अधीनमा रही प्रथम पटक प्रकाशित मितिले १५औं दिन दिउसो ३:०० बजे भित्र फाराम खरिद गरी १६ औं दिन दिउसो १:०० बजे भित्र (सो दिन बिदा पर्न गएमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिनमा) सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कोटेशन नम्बर | कामको विवरण | अधिकतम अनुमानित लागत (रू.) मु.अ.कर सहित | दरभाउ जमानत रकम |
|---|---|---|---|---|
| १ | NRB/Works/SQ1/2077/78 | कार्यालय भवनको पश्चिम दक्षिण तर्फको खाली ठाँउमा सुरक्षाकर्मी बस्नको लागि एउटा ठूलो कोठा र एउटा भान्सा सहितको अस्थायी भवन निर्माण गर्ने । | **रु.१६,४९,८९२।३७** (अक्षरेपी सोह्र लाख उन्पचास हजार आठ सय बयानब्बे पैसा सैंतिस मात्र) | **रु.४९,५००।-** (अक्षरेपी उन्पचास हजार पाँच सय मात्र) |
| २ | NRB/Works/SQ2/2077/78 | कार्यालय भवनको पश्चिम दक्षिण तर्फको खाली ठाँउमा सुरक्षाकर्मीको लागि एउटा र सेवाग्राहीको लागि एउटा शौचालय तयार गर्ने । | **रु.५,४९,९८७।१७** (अक्षरेपी पाँच लाख उन्पचास हजार नौ सय सतासी पैसा सत्र मात्र) | **रु.१६,५००।-** (अक्षरेपी सोह्र हजार पाँच सय मात्र) |

**शर्तहरु**

१. दरभाउपत्र फारम यस कार्यालयको खरिद इकाईवाट प्राप्त गर्न सकिने छ । दरभाउपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले बैंकले तोकेको ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान अनुसार उपरोक्त अनुसारको कार्य गर्नका लागि छुट्टाछुट्टै सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीको तर्फबाट सिलवन्दी दरभाउपत्र पेश गर्दा फर्मका तर्फबाट अख्तियारी दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. सिलवन्दी दरभाउपत्रकासाथ उपरोक्त बमोजिमको निर्माण कार्यको जमानत वापतको रकम नगदै यस बैंकको राष्ट्रिय वाणिज्य बैंक, सुर्खेत शाखा स्थित **खाता नं.४०८००१६०३००१** मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले **७५ दिनको मान्य अवधि भएको** बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र फाराम प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ३:०० बजेसम्म तोकिएको दस्तुर **रू.१०००।- (पछि फिर्ता नहुने गरी)** यस बैंकको राष्ट्रिय वाणिज्य बैंक, सुर्खेत शाखा स्थित **खाता नं.४०८००१६०३००१** मा जम्मा गरि सोको सक्कल भौचर पेश गरी **नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयबाट** खरीद गर्न सकिने छ । साथै, सिलवन्दी दरभाउपत्रका साथमा निर्माण गरिने संरचनाको ड्रइङ्ग, डिजाइन समेत उपलब्ध गराईनेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१६ औं दिन** (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १.०० बजे भित्र सिलवन्दी दरभाउपत्र यस बैंकको सुर्खेत कार्यालयको आन्तरीक प्रशासन फाँटमा पेश गरी सक्नु पर्नेछ । साथै, सोही दिन अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभए पनि) प्राप्त सिलवन्दी दरभाउपत्र यस बैंकको सुर्खेत कार्यालयमा खोलिनेछ ।

५. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन २०६३ र नेपाल राष्ट्र बैंक, खरिद विनियमावली, २०७१ ( चौथो संशोधन, २०७७ समेत मिलाइएको रुपमा) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको सुर्खेत कार्यालय आन्तरीक प्रशासन फाँटमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

६. नेपाल राष्ट्र बैंकले कुनै कारण निर्दिष्ट नगरी पुर्ण वा आंशिक कुनै पनि वा सबै शिलवन्दी दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने अधिकार राख्नेछ ।

**नेपाल राष्ट्र बैंक**
**सुर्खेत कार्यालय**